जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका-६, सिरहा**
**फोन नं.: ०३३-५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६**
**इमेल :** marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः २४६ पृष्ठः ४ | २०८० माघ ०८ गते सोमबार (Monday 22 Jan. 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

## मधेसमा जसपा-जनमत विवाद उत्कर्षमा

### मुख्यमन्त्री यादव भन्छन्, 'गठबन्धनका कारण जनमतलाई सरकारबाट हटाउन सकेको छैन'




**अवधेशकुमार झा**

सप्तरी, ७ माघ। मधेसमा सत्ता साझेदार दुई दल जनता समाजवादी पार्टी (जसपा) र जनमत पार्टीबीच विवाद चर्किएको छ। राजविराजमा रहेको मधेश कृषि विश्वविद्यालयको भवन उद्घाटन कार्यक्रममा जसपाका अध्यक्ष उपेन्द्र यादवलाई प्रमुख अतिथि बनाएर निम्त्याइएपछि जसपा-जनमत विवाद उत्कर्षमा पुगेको हो। यही विषयलाई लिएर नेताहरु आरोप-प्रत्यारोपमा उत्रिएका छन्।

**मधेसमा जसपा-जनमत विवाद उत्कर्षमा**

सोमबार हुने विश्वविद्यालयको भवन शिलान्याश कार्यक्रममा जसपाका अध्यक्ष यादवलाई प्रमुख अतिथि बनाउन नहुने भन्दै जनमतका नेता कार्यकर्ताले आइतबारदेखि नै विरोध जनाएका छन्। सडकमा टायर बालेर प्रदर्शन गरेका उनीहरुले विश्वविद्यालयमा तालाबन्दी गरेका छन्। जनमतका अध्यक्ष सिके राउतको क्षेत्रमा हुने कार्यक्रममा यादवलाई प्रमुख अतिथिकारुपमा निम्त्याइए भन्दै जनमतका नेता कार्यकर्ता प्रदर्शनमा उत्रिएका हुन्। यादवलाई प्रमुख अतिथि नस्वीकार्ने उनीहरुको अडान छ। कार्यक्रमका विषयमा मधेस सरकारका मुख्यमन्त्री र मन्त्रीहरुबीचमै समेत मतभेद छ।

आइतबार जनमत पार्टीका तर्फबाट प्रदेश सरकारको शिक्षामन्त्री रहेका महेश यादवले विश्वविद्यालयको सहकुलपतिको हैसियतमा विश्वविद्यालयको कार्यक्रम नै स्थगित गर्न निर्देशन दिएका छन्। तर जसपाबाट मुख्यमन्त्री बनेका सरोजकुमार यादवले भने कार्यक्रम यथोचित समयमै हुने बताएका छन्। सोमबारको कार्यक्रमका लागि राजविराजमा बाक्लो प्रहरी परिचालन गरिएको छ।

उनले आफ्नो नेतृत्वको सरकारमा सामेल जनमत पार्टीका मन्त्रीहरु संस्कारहीन रहेको आरोप लगाए। केन्द्रीय सत्ता गठबन्धनमा भएका कारण जनमतका मन्त्रीहरुलाई सरकारबाट हटाउन नसकेको उनको भनाइ छ। 'जनमत पार्टी अराजकहरुको समूह हो, यो पार्टीका मन्त्री संस्कारहीन छन्,' आइतबार साँझ कान्तिपुरसँग कुरा गर्दै मुख्यमन्त्री यादवले भने।

शिक्षामन्त्री यादवले आफूसँग परामर्श नगरी कार्यक्रम स्थगित गर्न निर्देशन दिएपछि आक्रोसित मुख्यमन्त्री यादवले जनमतका विषयमा यस्तो टिप्पणी गरेका हुन्। 'जनमतका मन्त्रीलाई लाजसरम् हुदैन,' मुख्यमन्त्री यादवले भने, 'सरकारमा पनि बस्ने, अनि सरकारको विरोध पनि गर्ने ?' मुख्यमन्त्री यावदले मधेशमा जनमतको जन्म हुनु अगावै जसपाका अध्यक्ष यादवले कृषि विश्वविद्यालयको परिकल्पना गरेको भन्दै त्यहीकारण शिलान्याश कार्यक्रम यादवको प्रमुख आतिथ्यतामा गर्न लागिएको उनको दाबी छ। 'मधेशकै गौरवको योजनाको रुपमा रहेको कृषि विश्वविद्यालय स्थापनामा अध्यक्ष यादवको अहम् भुमिका छ, त्यसैले उहाँबाट शिलान्यास गराउने तयारी गरिएको हो,' मुख्यमन्त्री यादवले भने।

शिक्षामन्त्री यादवले स्थगित गर्न निर्देशन दिएपछि सोमबारको शिलान्यास कार्यक्रम पूर्वनिर्धारित कार्यतालिकाबमोजिम नै हुने मुख्यमन्त्री यादवले बताए। यता जनमतका अध्यक्ष सिके राउतले भने उपेन्द्र यादव गौर घटनाको मुख्य योजनाकार रहेको भन्दै उनलाई तत्काल पत्राउ गरी कारबाही गर्नुपर्ने बताएका छन्। आइतबार सामाजिक सञ्जालमार्फत् राउतले भनेका छन्, 'गौर-नरसंहार गरेर दर्जनौंको निर्मम हत्या गरेका मान्छे सप्तरी मेरो क्षेत्रमा दंगा मच्चाउन, हत्याहिंसा गर्न किन आउनु पर्ने ? न उहाँको यहाँरु घर छ, न उहाँ यहाँको जनप्रतिनिधि? अनि किन उपकुलपति र रजिष्टारलाई जबरजस्ती दबाब दिएर प्रमुख अतिथि बन्नुपर्ने?'

**-बाँकी तीन पेजमा**

## राम मन्दिरको प्राण प्रतिष्ठा : जनकपुरमा उत्सव तयारी

**विजयकुमार साह**

ढल्केवर, ७ माघ। भारतको अयोध्यामा नवनिर्मित भगवान् राम मन्दिरको प्राण प्रतिष्ठाको अवसरमा सोमबार जनकपुरधामस्थित जानकी मन्दिरमा सवा लाख दीप बालिने भएको छ। मन्दिरका महन्थ रामतपेश्वर दासले राम मन्दिरको प्राण प्रतिष्ठाका दिन एक लाख २५ हजार दीप बाल्नुको साथै विशेष आरती गरिने बताए। यसका साथै सोमबार उत्सवको रूपमा मनाउन जनकपुरवासीलाई आग्रह गरे। उनले सो उत्सवलाई ध्यानमा राखेर तयारी तीव्र बनाइएको र कार्यक्रममा सबैलाई उपस्थित हुन पनि आग्रह गरे। राम मन्दिरको उदघाटनको दिन दुवै मुलुकका लागि विशेष भएकाले दीप बाल्न तथा उत्सवमा उपस्थित हुन उनले सबैलाई आग्रह गरे।


राम मन्दिरको प्राण प्रतिष्ठाका लागि जानकी मन्दिरको तर्फबाट चाँदीका धनुष वाण लगायत सुनचाँदीका विभिन्न गहना, लत्ताकपडा, फलफूल लगायत तीन हजार बढी कोसेली अयोध्या पठाइसकेको छ। राम मन्दिरको प्राण प्रतिष्ठामा सहभागी हुन जानकी मन्दिरका महन्थ रामतपेश्वर दास र मन्दिरका उत्तराधिकारी रामरोशन दास बिहीबार अयोध्या पुगेको छ। अयोध्याको राम मन्दिरबाट निम्तो आएपछि उनीहरू त्यसतर्फ जाए। उनीहरु बाहेक मधेश प्रदेशमा राम मन्दिरको तर्फबाट कसैलाई पनि निम्तो आएको छैन।

माघ ८ गतेलाई सार्वजनिक बिदा दिन माग गर्दै जानकी मन्दिरका उत्तराधिकारी दासले मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले ज्ञापनपत्र बुताउनुभयो। सो ज्ञापनपत्रमाथि अहिलेसम्म कुनै निर्णय नभएको मुख्यमन्त्रीको कार्यालयले जानकारी दिएको छ। अयोध्यामा नवनिर्मित भगवान् राम मन्दिरको प्राण प्रतिष्ठालाई लिएर मधेश प्रदेशका अधिकांश मठमन्दिर रङ्गरोगन गरेर चिटिक्क बनाइएको छ भने जताततै राम अङ्कित झण्डा झुण्ड्याइएको छ। सयौँ वर्ष लामो प्रतीक्षापछि भगवान् रामको मन्दिर निर्माण भएको खुसीयालीमा धनुषाको जनकपुरधाम उपमहानगरपालिका, क्षीरेश्वरनाथ, सहिदनगर, औरहीलगायत मधेश प्रदेशका दुई दर्जनभन्दा बढी स्थानीय तहले सोमबारका लागि सार्वजनिक बिदा दिएको छ।

## १ सय ९० वटा पालिकामा प्रमुख प्रशासकीय अधिकृतको पद रिक्त

काठमाडौं, ७ माघ। देशभरका ७ सय ५३ पालिकामध्ये १ सय ९० वटामा प्रमुख प्रशासकीय अधिकृतको पद रिक्त छ। प्रमुख प्रशासकीय अधिकृतको पद रिक्त हुँदा पालिकाको प्रशासकीय सेवा प्रभावित भएको छ। गाउँपालिका राष्ट्रिय महासंघका कार्यकारी निर्देशक राजेन्द्र प्याकुरेलले ८० वटा गाउँपालिका र १ सय १० वटा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको पद खाली रहेको बताए। पालिकाका प्रमुख प्रशासकीय अधिकृत संघीय सरकारले पठाउने व्यवस्था रहेको भन्दै उनले सबै पालिकामा कर्मचारी व्यवस्थापन गर्न नसक्दा

**-बाँकी तीन पेजमा**




## सामाजिक सञ्जाल प्रयोगकर्ताले ध्यान दिऔं

- बेनामी वा छद्मवेशी पहिचान सिर्जना गरी कुनै पनि विषयवस्तु उत्पादन, शेयर वा टिप्पणी नगरौं,
- मिथ्या, भ्रमपूर्ण सूचना, घृणा फैलाउने, सामाजिक सद्रुभाव र सहिष्णुतामा आँच आउने खालका अभिव्यक्ति, श्रव्य दृश्य सामग्री, तस्वीर शेयर नगरौं,
- बहुविवाह, बालबिवाह, मानव वेचविखन र छुवाछुतजस्ता कानूनले वर्जित गरेका विषय वा क्रियाकलाप गर्न प्रोत्साहन नगरौं,
- अरुलाई होच्याउने अपमान गर्नेजस्ता कार्य सामाजिक सञ्रुजालबाट नगरौं,
- निजी प्रकृतिका फोटो भिडियो अनुमति वेगर छायांकन, प्रकाशन तथा प्रसारण नगरौं,
- अश्लिल शव्द तस्विर, श्रव्य, दृश्य, एनिमेसन प्रकाशन प्रसारण नगरौं,
- बालयौन शोषण, यौन दुर्व्यवहार, देहव्यापारलगायतका क्रियाकलापलाई प्रोत्साहन नगरौं,
- विभत्स तस्वीर, भिडियो अपलोड र शेयर नगरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## मन्त्रिमण्डल फेर्ने कि गफ मात्रै गर्ने ?

माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शासनसत्ताको जिम्मेवारी तेस्रोपल्ट लिएको पनि एक वर्ष पूरा भएर अघि लागिसकेको छ। यो शासनकाल कति सफल वा असफल भन्ने विषयमा धेरै चर्चा र परिचर्चा भएका छन्। सरकारले आफूले गरेका कामको प्रचारप्रसार गर्न निकै मिहिनेत पनि गरेको छ। साथै, सरकारका मन्त्रीहरूले प्रधानमन्त्रीको भावनाअनुरूप काम गर्न सकेका छैनन् भन्ने तथ्य स्वयं प्रधानमन्त्रीले विभिन्न अवसरमा स्वीकार पनि गरिसकेका छन्। यसैअनुरूप मन्त्रीहरू परिवर्तन हुने हल्ला बारम्बार सार्वजनिक भएका छन्। प्रम आफैँले पनि मन्त्रिमण्डल परिवर्तन गरेर सरकारको काममा चुस्तता ल्याउने वाचा गरेको धेरै भइसकेको छ। तर, न अक्षम मन्त्रीहरूले आफूलाई सक्षम बनाएका छन् न प्रधानमन्त्री प्रचण्डले आफ्नो क्याबिनेटमा फेरबदल गर्न सकेका छन्।

सरकारको सफलता वा असफलता मुख्यतः देशको आर्थिक अवस्थाले निर्क्योल गर्दछ। विदेशी मुद्राको सञ्चिति, बढ्दो विप्रेषण तथा घट्दो व्यापार घाटालाई मात्र आधार मान्ने हो भने निश्चित रूपमा अर्थतन्त्र सुधारात्मक छ भन्न सकिन्छ। तर, जनताको ह्रासोन्मुख क्रय क्षमता, हतोत्साही लगानीकर्ता तथा रोजगारीका अवसरमा भने सरकारले भनेजस्तो उत्साहजनक केही देखिँदैन। यस्तो अवस्थामा अर्थमन्त्रीका रूपमा कुनै नयाँ अनुहार आउने सम्भावना पनि प्रशस्त देखिन्छ। तर, प्रधानमन्त्री न त अर्थमन्त्री फेर्नुपर्ने कुराको निर्णय गर्न सक्छन् न आफूले चाहेजस्तो काम लिन सकेको देखिएको छ।

अहिले विवादमा परेका अर्का व्यक्ति संस्कृति, पर्यटन तथा नागरिक उ यनमन्त्री सुदन किराती हुन्। सुरुमा सक्षम र क्लिन चरित्र देखिएका किराती अहिले अत्यन्त धेरै विवादमा तानिएका छन्। उनले आफ्नै मन्त्रालयअन्तर्गतको नागरिक उ यन प्राधिकरण, नेपाल वायुसेवा निगम र पशुपति विकास कोषका प्रमुखलाई विभिन्न आरोप लगाएर स्पष्टीकरण पनि सोधे। तर, त्यसपछि कुनै कारबाही गर्न सकेनन्। साथै, क्रिस्चियन धर्म नमान्नेहरू संविधानविरोधी हुन् र त्यस्तालाई हतकडी लगाइन्छ भन्ने अभिव्यक्ति दिएर उनी थप अलोकप्रिय पनि भएका छन्। तर, उनी फेरिने हल्ला मात्र चल्यो, काम भएन। उनी नफेरिनुपर्ने हो भने प्रधानमन्त्रीले स्पष्ट ढंगमा उनको बचाउ गर्न सक्नुपर्‍यो, अन्यथा सक्षम सरकार बनाउँछु भन्ने प्रचण्ड भाषण बेतुकका साबित हुनेछन्।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले प्रदर्शनस्थलको बाटो गाडी लैजान जोड गरेका कारण गएको पुस १३ गते ग्वार्कोमा ईपीएसमार्फत कोरिया जान नपाएका युवाले मन्त्रीको गाडी मात्र जलाएनन् कि त्यहाँ दुई व्यक्तिको मृत्यु समेत भयो। तर, यस घटनामा न त मन्त्रीले नैतिक जिम्मेवारी लिए न प्रधानमन्त्रीले कुनै कदम चाले। स्वास्थ्य क्षेत्र पनि एकपछि अर्को विवादमा परिरहेको छ। डाक्टरहरूको सरुवादेखि लिएर वीर अस्पतालमा बिरामीलाई खुवाउने खाना रोक्ने र अक्सिजनको खर्च घटाउने विषयमा विवादित मन्त्री मोहनबहादुर बस्नेत पनि पजनीमा पर्ने सम्भावनाका एक मन्त्री हुन्। उनको मन्त्रालयअन्तर्गतभन्दा पनि सञ्चारमन्त्री हुँदा टेरामक्स प्रणाली भित्र्याउन गरेको निर्णयको कारण अख्तियारले मुद्दा दायर गरेर उनको पद जाने सम्भावना देखिएको छ।

गत वर्षको बजेट अधिवेशन १८० दिन चल्यो, जसले केवल मिटरब्याजपीडितलाई न्याय दिने एक विधेयक मात्र पारित गर्‍यो। यस्तोमा कानुनमन्त्रीको सक्षमता वा अक्षमता गणना हुन्छ कि हुँदैन ? सरकारलाई सशक्त बनाउने हो भने प्रधानमन्त्रीले कुनै कदम चाल्ने कि 'आजै चाल्छु, भोलि चाल्छु' भनेर जनतालाई झुक्याउने मात्र हो ?

# राजनीतिक दलका लठैत शिक्षक

**टेकेन्द्र कुमार महतरा**

हरेक पेसाको आफ्नो पेसागत कर्तव्य, जिमेवारी, आचरण, व्यवहार र पेसागत धर्म हुन्छ। जब कुनै पनि पेसामा आबद्ध पेसाकर्मीले यी सबै नियम र आचरण पेसागत परिधिभित्र रहेर काम गर्छन्, अनि मात्र त्यो पेसाको सामाजिक मर्यादा कायम हुन्छ, होइन भने त्यस्तो पेसा निकम्मा र पेसाकर्मी लठैत हुन जान्छन्। गुरु वशिष्ठका चेला राम मर्यादा पुरुष बने, सान्दिपिनीजस्ता गुरुले कृष्णजस्ता बौद्धिक व्यक्ति तयार पारे, अनि दोर्णाचार्य जस्ता गुरुबाट अर्जुन जस्ता धनुर्धर योद्धा जन्मिए। यस कारण प्राचीन इतिहासका ती महान् गुरुहरूले गुरुको आफ्नो पहिचान बनाए अनि त्यस्ता महान् गुरुका शिष्यहरूले आफ्नो इतिहास रचे, जसलाई हामी आज पनि सर्वश्रेष्ठ गुरु र श्रेष्ठ शिष्यका रूपमा मान्दै आएका छौँ।

प्राचीन पश्चिमी समाजको कुरा गर्ने हो भने पाण्डित्यवादी युगको चर्चा नै पर्याप्त छ, पाण्डित्यवाद आफैँमा राम्रो या नराम्रोभन्दा पनि त्यस युगमा चर्चका पादरी वा गुरुहरूले नै देशको शासन व्यवस्था सञ्चालन गर्दथे, समाज तथा राज्यका हरेक व्यवस्थामा उनीहरूको महत्त्वपूर्ण भूमिका रहन्थ्यो। त्यति बेलाकै पूर्वीय समाजको कुरा गर्ने हो भने, गुरुकुलका शिक्षक सामाजिक, आर्थिक तथा राजनीतिक व्यवस्थाको निर्णायक व्यक्तिका रूपमा रहन्थे। प्राचीन तक्षशिलाका गुरु चाणक्यले एउटा सामान्य परिवारको बालक चन्द्रगुप्तलाई आफ्नो शिक्षा–दीक्षाको माध्यमबाट महान् सम्राट बनाएको इतिहास पनि हाम्रो सामु छ। यी सबै तथ्यलाई आधार मानेर विश्लेषण गर्ने हो भने आधुनिक विश्व समाजको निर्माणमा प्राचीन समाजका गुरुहरूले विविध क्षेत्रमा दिएको योगदानलाई महत्त्वपूर्ण आधार मान्न सकिन्छ।

कुरो गरौँ अहिलेको हाम्रो समाज, शिक्षा व्यवस्था, अहिलेको राजनीतिक व्यवस्था अनि अहिलेको शिक्षक र शिक्षकको भूमिकाको। संसारका अधिकांश विकसित देशहरूमा शिक्षकको भूमिका ज्यादै महत्त्वपूर्ण मानिन्छ भने त्यहाँ शिक्षकको स्थान अन्य पेसाकर्मीको भन्दा उपल्लो स्थानमा रहन्छ। त्यहाँका राजनीतिककर्मीले समेत शिक्षकहरूबाट सल्लाह–सुझाव लिएर काम गर्ने प्रचलन स्थापित रहेको छ। शिक्षकले आफ्नो सम्पूर्ण समय अध्ययन–अध्यापन र अनुसन्धानमा बिताउँछन्। उनीहरूको कार्य दक्षताको आधारमा पुरस्कार–दण्ड र बढुवाको व्यवस्था गरिएको हुन्छ। शिक्षकहरू विद्यार्थीको सिकाइमा केन्द्रित हुन्छन्। उनीहरुले आफ्नो हक–अधिकारका लागि कहिल्यै आन्दोलन गर्नुपर्दैन, सरुवा–बढुवा र पदोन्नतिका लागि कहिल्यै पनि नेताको चाकडी गर्नुपर्दैन। यी सब कारणले गर्दा त्यस्ता देशहरूको शिक्षा प्रणाली ज्यादै सुदृढ छ र शिक्षण पेसा व्यवस्थित, मर्यादित र अनुकरणीय छ।

हाम्रो देशमा धेरैपटक व्यवस्था परिवर्तन भयो, संरचना परिवर्तन भयो, नियम–कानुन परिवर्तन भए। यी सब परिवर्तनले न शिक्षण पेसामा परिवर्तन आयो न त शिक्षकमै। परम्परावादी शिक्षण पेसा कायमै देखियो भने शिक्षकमा लठैतपनको दिन प्रतिदिन हाबी हुँदै गयो। परम्परागत शिक्षण विधिको लठैत शिक्षक, राजनीतिक दलप्रतिको लठैत शिक्षक, नेताको गुलामी गर्ने लठैत शिक्षक, परम्परागत ज्ञान मात्र हस्तान्तरण गर्न चाहने लठैत शिक्षक– शिक्षकको यस्तो लठैतपनले विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको शिक्षा दिन प्रतिदिन ध्वस्त हुने अवस्थामा पुगेको छ। हरेक वर्ष लाखौँको संख्यामा विद्यार्थी विदेश पलायन हुने अवस्था बढ्दो छ। स्वदेशमै पढेका अधिकांश विद्यार्थीसँग पनि न राम्रो ज्ञान छ, न राम्रो सीप। काम गर्ने सोच र नैतिकता तथा अनुशासन भन्ने कुरा त झन् दिनदिनै स्खलित हुँदै गइरहेको छ। यसमा केही हदरसम्म जिम्मेवार शिक्षक पनि हुन्। शिक्षकले पढाएको विद्यार्थी फेल हुन्छ, तर शिक्षकले आरोप विद्यार्थीलाई लगाउँछ। विद्यार्थीलाई अनुशासित बनाउन सकेन भने उसले दोष अभिभावकलाई लगाउँछ। विद्यार्थीले राम्रो गर्‍यो भने शिक्षकले मैले गर्दा भएको हो भन्छ, विद्यार्थी पढेर पनि केही गर्न सकेन भने पाठ्यक्रम नै गतिलो थिएन भन्छ। आफूले पढाएको विद्यार्थी बेरोजगार भयो भने राज्यले रोजगार दिन सकेन भन्छ। राम्रो कार्यको मात्र आफूले जस लिन चाहने र नराम्रो कार्यको अरुलाई दोष दिने लठैत शिक्षक।

नेपालको प्रचलित कानुनी व्यवस्था अनुसार शिक्षक कुनै पनि राजनीतिक दलको सदस्य बन्न पाउँदैन तर त्यो कानुनी व्यवस्था कानुनी किताबको ठेलीमा मात्र सीमित रहेको अवस्था छ। अधिकांश शिक्षकहरू कुनै न कुनै ठुला राजनीतिक दलहरूको सदस्य मात्र होइन झोला नै बोकेर हिँडेको पनि प्रशस्त देखिएको छ। दलका राजनीतिमा सक्रिय रहेका शिक्षकलाई गुरुको उपमा दिनभन्दा राजनीतिक दलका लठैत शिक्षक भन्दा फरक नपर्ला। राजनीतिक दलका लठैत शिक्षकले कस्तो शिक्षा प्रदान गर्लान्, त्यो विश्लेषण गर्ने जिम्मेवारी अभिभावक र विद्यार्थीको हो। शिक्षक आफ्नो शैक्षिक तथा पेसागत क्षमताको विकास गर्नभन्दा पनि नेताको चाकडी गर्न व्यस्त भयो। सरुवा–बढुवा तथा प्रधानाध्यापक बन्नका लागि रातारात पार्टीको सदस्य लिन र फेरबदल गर्न ऊ क्रियाशील भयो। उसले आफ्नो सम्मानित पेसालाई चिनेन, आफ्नो पेसालाई सम्मानित बनाउन सकेन, आफ्नो पेसा बिर्सियो, आफ्नो कर्तव्य र जिम्मेवारीलाई लत्यायो, सधैँ आफ्नो स्वार्थ मात्र हेर्न थाल्यो, आफ्नो मात्र अधिकार खोज्यो तर अरुको अधिकारलाई ध्यान दिएन। यी सबै कारणले गर्दा उसले शिक्षण पेसालाई नै दूषित बनायो र आफूले आफैँलाई लठैत शिक्षकका रूपमा देख्न थाल्यो। जसको परिणामस्वरूप सार्वजनिक रूपमा शिक्षण पेसालाई आलोचित बनायो।

शिक्षा समान हुनुपर्छ, शिक्षामा कुनै पनि विभेदको अन्त हुनुपर्दछ भनेर ढोल ठोक्ने शिक्षकले आफूले पढाउने विद्यालयमा आफ्नो बच्चालाई पढाउन चाहेन, आफ्नो बच्चालाई गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्छ भनेर आफ्नो बच्चाको शिक्षकसँग पाखुरा सुर्कायो तर आफूले पढाउने विद्यार्थीका अभिभावकले त्यही कुरा भन्दा धेरै जान्ने नहुनु भनेर आँखा फर्कायो। आफ्नो पेसालाई उसले विद्यालयको चार दिवारभन्दा बाहिर लान सकेन, अध्ययन अनुसन्धानलाई कुरामा मात्र सीमित राख्यो। पुस्तकका ठेलीभन्दा बाहिरको संसार विद्यार्थीलाई चिनाउन सकेन, वर्षौं पुरानो नोटको भरमा जागिर खायो, तालिम लिन जान कहीँ छाडेन तर तालिममा सिकेको कुरालाई कहिल्यै पनि प्रयोगमा ल्याउन सकेन। परम्परागत शिक्षण विधिलाई आफ्नो पेवाको रूपमा सम्झेर त्योभन्दा बाहिर गएर शिक्षण गर्ने उसले मन गरेन। शिक्षक, शिक्षण भनेको पढाउने हो भन्ने धारणाबाट सिकाउने हो भन्ने धारणामा रूपान्तरण हुन सकेन ऊ। उसको न आफ्नो शैलीमा परिवर्तन भयो न त आफ्नो सीपमा नै। शिक्षणलाई जागिरको रूपमा हेरियो तर जिम्मेवारीका रूपमा हेर्न सकिएन। शिक्षण पेसामा जुन जिम्मेवारी छ त्यो अन्य पेसाको भन्दा कैयौँ गुणा धेरै छ, त्यो जिम्मेवारी पूरा गर्न शिक्षकमा क्रान्तिकारी परिवर्तनको जरुरत छ। त्यसका लागि शिक्षक लठैत शिक्षकबाट प्राज्ञिक शिक्षकमा रूपान्तरण हुनुपर्छ।

शिक्षकको दाबी छ— समाजका हरेक जनशक्ति हामीले निर्माण गर्‍यौँ, समाजका हरेक व्यक्तिलाई हामीले दीक्षित गर्‍यौँ। यो दाबी धेरै हदसम्म सत्य हो। स्कुल–कलेजमा पढ्ने जो–कोहीलाई कसरी सिकाउने वा बुझाउने भन्नेमा धेरै हदसम्म शिक्षकको भूमिका थियो। पाठ्यक्रम कस्तो हुने, शिक्षा नीति कस्तो हुने भन्ने अगल पाटो भयो। शिक्षकले राम्रोसँग सिकाउन नसक्दा धेरै विद्यार्थीको भविष्य अन्धकारतिर गएको छ भन्नेमा पनि हाम्रो ध्यान जानुपर्छ। अर्कोतिर, आज सरकारको तलब–भत्ता खाएर भ्रष्टाचार गर्ने वा जनहितमा काम नगर्नेहरुलाई हिजो कुनै शिक्षकले सिकाएका वा पढाएका थिए। आज खराब काम गर्ने वा खराब आचरणले निर्देशित कुनै व्यक्ति हिजो कुनै शिक्षकको विद्यार्थी हुन सक्छ। त्यसैले स्कुल आएर कसैले राम्रो शिक्षा वा आचरण पाएन भने त्यसमा शिक्षक कति जिम्मेवार हुने भन्ने पनि प्रश्न छ।

विद्यार्थीलाई पढाउने र सिकाउने काम मात्र शिक्षकको होइन, शिक्षकको जिम्मेवारी त विद्यार्थीलाई ज्ञानी, सीपयुक्त, चरित्रवान्, विवेकशील, परिश्रमी, लगनशील, धैर्यवान, आदर्शवान, देशप्रेमी बनाउने पनि हो। यसो सम्भव छ, तर यसका लागि शिक्षकमा निहित लठैतपनलाई हटाउनुपर्छ। शिक्षक आफ्नो पेसाप्रति पूर्ण जिम्मेवार बन्नुपर्छ। आफ्नो पेसालाई उच्च सम्मान गर्नुपर्छ। अध्ययन अनुसन्धानमा केन्द्रित हुनुपर्छ। कुनै पनि राजनीतिक दलको झोले कार्यकर्ता बन्न छाडेर पार्टी र नेतालाई उपयुक्त सल्लाह सुझाव दिने व्यक्ति बन्नुपर्छ। विद्यार्थीलाई बनाउने सन्दर्भमा पूर्ण जिम्मेवार बन्नुपर्छ। अध्ययनशीलता र विवेकशीलता शिक्षकको पहिचान हो भन्ने बुझेर सधैँ त्यसमा लागिरहनुपर्छ। यी सब कार्य हरेक शिक्षकले गरेमा शिक्षण पेसाको मर्यादामा आमूल परिवर्तन आउँछ। अनि आम मानिसको बुझाइमा शिक्षण पेसा सम्माननीय बन्छ। हरेकको रोजाइमा शिक्षण पेसा बन्न जान्छ र सक्षम व्यक्ति शिक्षण पेसामा आबद्ध हुन्छन्। योसँगै राज्यले शिक्षकको हकहितलाई पनि ध्यान दिनुपर्छ। *(लेखक मध्यपश्चिम विश्वविद्यालयमा उप–प्राध्यापक छन्।)*




# १५ वर्षअघिको व्यक्ति हत्याको मुद्दा ब्यूँतियो, पञ्चा सिंहसहित ६ जनालाई पक्राउ अनुमति

काठमाडौं, ७ माघ। १५ वर्षअघि एक युवकको हत्या अभियोगमा नेकपा माओवादी केन्द्रनिकटको विद्यार्थी संगठनकी केन्द्रीय अध्यक्ष पञ्चा सिंहलगायत ६ जनालाई पक्राउ गर्न अदालतले अनुमति दिएको छ। जिल्ला प्रहरी कार्यालय सुर्खेतका निमित्त प्रवक्ता इन्स्पेक्टर कृष्णबहादुर खड्काका अनुसार कालीकोटका १७ वर्षीय राजबहादुर मल्लको हत्या संलग्न आरोपमा उनीहरूलाई पक्राउ गर्न अदालतले शुक्रबार अनुमति दिएको हो।

खड्काले नेपाल प्रेससँग भने, 'अदालतबाट पक्राउको अनुमति पाइसकेका छौं। निजहरूको खोजी गर्दैछौं।' सुर्खेतको जनमाविमा अध्ययनरत् राजबहादुरको २०६५ फागुन २६ गते साँझ खुकुरी हानेर हत्या गरिएको थियो। हत्यालगत्तै मृतकका काका नवराजले पदमबहादुर रावत 'टाइगर' विरुद्ध किटानी जाहेरी दिएकोमा बुबाले १४ वर्षपछि २०७९ साउन ३ गते पूरक जाहेरी दिएका थिए। बुबाको किटानी जाहेरीअनुसार महावै गाउँपालिकाकी सिंहसहित, पदमबहादुर रावत, 'गुराँस' नाम गरेका बालकृष्ण सिंह, टंकबहादुर सिंह, कालिकोटकै खाडाचक्र नगरपालिकाका 'सुभाष' भनिने वीरबहादुर मल्ल र 'अशोक' भनिने अलि कार्कीविरुद्ध पक्राउ पूर्जी जारी भएको छ।

# 'मधेसमा कक्षा–५ का विद्यार्थीले नाम, ठेगाना लेख्न सक्दैनन'

काठमाडौं, ७ माघ। गुणात्मक शिक्षाको अवस्था दयनीय भएको भन्दै सरोकारवालाले गुनासो गरेका छन्। प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आइतबारको बैठकमा मधेसी आयोगका प्रमुख विजयकुमार दत्तले कक्षा–५ मा पढ्ने मधेस प्रदेशका विद्यार्थीले आफ्नो नाम, ठेगाना समेत लेख्न नसक्ने बताए। "गुणात्मक शिक्षा गम्भीर संकटमा छ। मधेसमा कक्षा–५ मा पढ्ने विद्यार्थीले आफ्नो नाम, ग्राम, ठेगाना लेख्न सक्दैन, आउँदैन। बिजोग छ," उनले भने। समितिले संवैधानिक आयोगका प्रमुख र पदाधिकारीसँग विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका विषयमा छलफल गरेको हो। छलफलमा आयोगका तर्फबाट सुझाव राख्दै उनले विधेयक बनाउँदा सबै विषय काठमाडौंको नजरबाट मात्र हेर्नु गलत हुने धारणा राखे। मधेसमा विद्यालय व्यवस्थापनको निर्वाचन पनि 'मिनि इलेक्सन' हुने उनको भनाइ छ।

"सबै काठमाडौंको चस्माबाट मात्र हेर्नु हुँदैन," उनले भने, "मधेसमा विद्यालय व्यवस्थापनको चुनाव पनि मिनि चुनावसरह लाग्छ। गोली चलेर मान्छे मर्छ। नक्कली गार्जेन खडा गरिन्छ। यो कुरामा ध्यान दिनुपर्छ।" छलफलमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारु आयोग र मुस्लिम आयोगका पदाधिकारी उपस्थित थिए। सरोकारवालाले शिक्षाको गुणस्तर, विद्यार्थीलाई जीवनोपयोगी शिक्षा निःशुल्क र क्लस्टरका विद्यार्थीका निम्ति विशेष प्याकेज ल्याउने गरी ऐन जारी गरिनुपर्नेमा जोड दिए। आयोगका प्रमुखहरूले सो विधेयकमा शिक्षाको गुणस्तर र 'कन्टेन्ट'भन्दा प्रशासनलाई प्राथमिकतामा राखिएको भन्दै असन्तुष्टि जनाए। राष्ट्रिय समावेशी आयोगका प्रमुख डा. रामकृष्ण तिमल्सिनाले विधेयकले संघीयताको मर्मलाई आत्मसात् गर्न नसकेको टिप्पणी गरे।

"संविधानले शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ। साझा अधिकार सूचीमा कतै शिक्षाको विषय परेको छ। शिक्षा विधेयकको मेकाजिम हेर्दा संघीयात्मकभन्दा पनि ओभर सेन्ट्रालिजम (केन्द्रकृत) देखिन्छ," उनले भने। नेपालमा समावेशिताको बुझाइ नै गलत भएको तर्क उनले गरे। ६ क्लस्टरमा सबै जातजाति समावेश नहुने उनले उल्लेख गरे। ७२ जातजातिको अझै पनि 'समावेशी' प्रक्रियामा प्रतिनिधित्व हुन नसकेको उनको भनाइ छ। "हामीले अध्ययन गर्दा १५ प्रतिशत जनसंख्या अर्थात् करिब ४५ लाख जनसंख्या ६ वटा क्लस्टरमा समावेश हुन सकेका छैनन्। त्यसैले 'रिक्लस्टरिङ' गर्न आवश्यक छ," उनले भने। छलफलमा उनले अपांगता भएका र अति विपन्न समुदायका विद्यार्थीका निम्ति अनिवार्य आवासीय विद्यालय बनाउनुपर्ने विषय विधेयकमा समावेश गरिनुपर्नेमा जोड दिए। शिक्षकले राजनीति र अरू क्षेत्रमा काम गर्ने परिपाटी पूर्ण रूपमा अन्त्य गर्ने विषय विधेयकमा समेट्न आवश्यक रहेको उनले औँल्याए।

**रैथाने सीप र विभेद अन्त्य गर्ने शिक्षामा जोड**

गरिबी, विभेद अन्त्य गर्दै समातामूलक सामाजिक न्यायसहितको समाज स्थापनाको आधारस्तम्भ शिक्षा भएको भन्दै सरोकारवालाले यो विषयलाई पनि प्राथमिकता दिए। राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले जीवनोपयोगी शिक्षा अहिलेको आवश्यकता भएको बताए। उनले दलित समुदायको रैथाने सीप र परम्परालाई प्रवर्द्धन गर्ने गरी विधेयक तयार गरिनुपर्ने धारणा राखे। समुदायको सीपलाई आधुनिक प्रविधिसँग जोड्ने गरी विधेयक ल्याइनुपर्नेमा उनको जोड थियो।

उनले दलित समुदायका विद्यार्थीको शिक्षाको दायित्व राज्यले लिनुपर्ने बताए। "दलित समुदायको अत्यधिक विद्यार्थीले पढाइ छोड्ने दर बढी छ। प्रविधि र उच्च शिक्षाको जिम्मेवारी राज्यले लिनुपर्छ," उनले भने। छलफलमा सहभागी आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगरले देशको शिक्षा प्रणाली अभिवृद्धि गर्न चाहेको हो कि होइन भन्दै प्रश्न गरे। उनले आदिवासी जनजाति समुदायको मौलिक परम्पराको विकासका विषय विधेयकमा समेटिनुपर्ने बताए। सीमान्तकृत आदिवासी जनजातिलाई निःशुल्क शिक्षा दिने गरी विधेयक ल्याउनुपर्ने भन्दै उनले संविधानको मर्मानुसार यसलाई अघि बढाउन आग्रह गरे। "विद्यार्थी अभाव बढ्दो छ। १२ कक्षापश्चात् विद्यार्थी नेपालमा कसरी अड्याउन सकिन्छ ? विधेयक त्यसअनुरूप आउनुपर्छ," उनले छलफलमा भने।

**अभिभावक शिक्षामा महिला आयोगको जोड**

राष्ट्रिय महिला आयोगले भने विद्यार्थी मात्र नभई अभिभावक शिक्षा पनि अहिलेको आवश्यकता भएकामा जोड दिएको छ। छलफलमा सहभागी आयोग अध्यक्ष कमला पराजुलीले अभिभावक शिक्षामा जोड दिइन्। उनले आफ्ना छोराछोरी कुन बाटोमा छन्, उनीहरूको क्रियाकलाप कस्तो छ, छोराछोरी कता जाँदै छन् भनेर अभिभावक सजग हुनुपर्ने धारणा राखिन्। उनले विधेयकमा अभिभावक शिक्षाको विषय पनि समावेश गरिनुपर्ने बताइन्। "पिटेर मात्र बालबच्चालाई हुँदैन। अभिभावकलाई हप्ता, १५ वा महिनामा एकपटक राखेर छलफल गर्ने गरी अभिभावक शिक्षाको विषय समेटिनुपर्छ," उनले भनिन्।

अध्यक्ष पराजुलीले छात्राको विद्यालय भर्नादर बढाउन र 'ड्रपआउट' कम गर्न विशेष छात्रवृत्ति प्याकेजको विषय विधेयकमा समेटिनुपर्नेमा जोड दिइन्। उनले अरू क्षेत्रमा जस्तै शिक्षामा पनि ३३ प्रतिशत आरक्षणको 'ग्यारेन्टी' विधेयकमा गर्न सुझाव दिइन्। उनले शैक्षिक पाठ्यक्रम पनि छात्रामैत्री बनाउनुपर्ने, पाठ्यक्रममा यौन तथा प्रजनन स्वास्थ्य अनिवार्य समावेश गरिनुपर्ने, नैतिक र सदाचारिता शिक्षाको विषय समेटिनुपर्ने धारणा राखिन्। विपन्न र सीमान्तकृत छात्राका निम्ति शैक्षिक प्याकेज ल्याइनुपर्ने र निम्न माध्यमिक विद्यालयमा अनिवार्य खाजाको व्यवस्था गरिनुपर्ने उनको भनाइ छ।

छलफलमा थारु आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरीले कक्षा–५ सम्म मातृभाषाको शिक्षा अनिवार्य गरिनुपर्ने बताए। उनले सामुदायिक विद्यालयमा विद्यार्थी घटेको कारण पत्ता लगाउनुपर्ने र समाधान गरिनुपर्नेमा जोड दिए।

**मदरसा शिक्षा व्यवस्थापनमा मुस्लिम आयोगको जोड**

मुस्लिम आयोगले भने मदरसा शिक्षातर्फ राज्यको ध्यान जानुपर्नेमा जोड दिएको छ। हाल दुई हजारभन्दा बढी विद्यार्थी मदरसा शिक्षामा जोडिएको र यसतर्फ राज्यको ध्यान नपुगेको आयोगको ठहर छ। छलफलमा सहभागी सो आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले मदरसा शिक्षा चन्दा र दानको भरमा चलाउन सधैँ सम्भव नहुने बताए। उनले मदरसामा कतै बोरा ओछ्याएर पढाउनुपर्ने, कहीँ मदरसाको छत नभएको त लालटिन बालेर शिक्षा दिनुपर्ने विडम्बनामा पनि राज्य मूकदर्शक मात्र बनेको भन्दै गुनासो गरे।

उनले मदरसालगायत धार्मिक र परम्परागत विद्यालयको खर्च राज्यले व्यहोर्नुपर्ने सुझाव दिए। मदरसामा प्रधानाध्यापक मुस्लिम समुदायबाट, भाषा अरबी तथा उर्दु हुनुपर्ने भन्दै उनले शिक्षाको गुणस्तर नियमन गर्न राष्ट्रिय परम्परागत शिक्षा बोर्ड गठन गरिनुपर्ने बताए। "दुई लाख बढी विद्यार्थी छन्। चन्दा र दानको भरमा चल्न सहज छैन। राज्यले मदरसा शिक्षामा लगानी गर्नुपर्छ," उनले भने।

# खराब सपना देखिरहनु कुनै समस्या हो ?

**गृष्मा पनेरू**
मनोपरामर्शदाता

सामान्य शब्दमा भन्नुपर्दा सपना दुई प्रकारका हुन्छन्, नराम्रो सपना र राम्रो सपना। कहिले राम्रो त कहिले नराम्रो सपना देख्नु सामान्य हो। तर कसैकसैमा भने बारम्बार खराब सपना देख्ने समस्या हुन्छ। खराब सपनाको कारण निद्रामा कठिनाइ, डर, तनाव जस्ता समस्याको सामना गर्नुपर्छ। यस्तोमा खराब सपनाको आउनुको कारण के हो त ? के मान्यता छ भने सपना अवचेतन मनको उपज हो। दिनभर देखेको, भोगेकै कुरा नै पुनरावृत्तिको रूपमा सपनामा देखा पर्छ। सपनाले पछि हुने घटना–दुर्घटनाबारे समेत संकेत गर्छ। त्यसैले डरलाग्दो वा खराब सपना देखेपछि त्यसले हामीमा चिन्ता पैदा गर्छ।

**खराब सपना देख्नुको कारण**

खराब सपनाको सबैभन्दा सामान्य कारण गहिरो निद्रा लाग्न नसक्नु हो। निद्राको कमीले मानसिक स्वास्थ्यमा नराम्रो प्रभाव पार्छ। जसका कारण डरलाग्दो सपना देख्न सकिन्छ। सपनालाई व्यक्तिको शारीरिक वा मानसिक अवस्थाले प्रभाव पार्छ। कहिलेकाहीं सपनामा एकदमै भिरालो ठाउँमा पुगेको देख्छौं। त्यहाँबाट भाग्न खोज्दा सकिंदैन। यो हतास वा त्रसित दिमाग भएको अवस्थामा देखिने सपना हो। यदि कोही व्यक्ति नकारात्मक सोच्छ वा नकारात्मक कुराहरूमा आकर्षित हुन्छ भने उसले नराम्रो सपना देख्छ। राति सुत्नुअघि डरलाग्दो फिल्म वा काल्पनिक कुरा हेर्दा पनि खराब सपना देखिन्छ। यदि कुनै व्यक्तिको जीवनमा कुनै अप्रिय घटना घटेको छ भने त्यसको बारेमा बारम्बार सोच्दा पनि खराब सपना देख्न सकिन्छ।

खराब सपनामा केही सन्देश लुकेको हुन्छ। उदाहरणका लागि यदि कसैले स्कुल वा काममा बारम्बार ढिला गएको सपना देख्छ भने समयको व्यवस्थापनमा त्यो व्यक्तिको पर्याप्त तयारी कहिल्यै हुँदैन। त्यसैको तनावका कारण उसले नराम्रो सपना देख्छ। एन्जाइटी (चिन्ता) र डिप्रेसन ( अवसाद) जस्ता मानसिक समस्या पनि बारम्बार नराम्रो सपनाको कारण हुन सक्छ। राति नराम्रो सपना देखेपछि दिनभर त्यसले चिन्तित बनाइरहन्छ। धेरै तनाव लिनु पनि खराब सपनाका कारण हुनसक्छ। धेरै तनावले अनिद्रा निम्त्याउँछ र खराब सपना देख्न सकिन्छ।

सामाजिक कठिनाइ र आफूलाई अरूको तुलनामा कमजोर ठान्ने व्यक्तिगत मनोवृत्तिका कारण पनि त्यस्ता सपना देखिने हुन्छ। मानिसले जीवनमा धेरै नकारात्मक अनुभवसमेत बटुलेका हुन्छन्। त्यसलाई हाम्रो अवचेतन मनले सँगालेर राखेको हुन्छ। बारम्बार त्यसलाई उत्सर्जन गर्छ। यो पीडादायी ऊर्जा डरलाग्दो सपनाका रूपमा बाहिर निस्किन्छ। कुनै विषयमा डरलाग्दो सपना देखिरहनुको अर्थ हुन्छ कि त्यस विषयमा हाम्रो मस्तिष्कमा डर, चिन्ता तथा पीडा सञ्चित छ र वास्तविक जीवनमा त्यसलाई सम्बोधन गर्नु आवश्यक हुन्छ। कुनै दर्दनाक घटना वा दुर्घटनाको कारण तनाव विकारपछि खराब सपना आउन थाल्छ। जस्तो प्राकृतिक प्रकोप, प्रियजनको मृत्यु, सम्बन्ध टुट्नु लगायतका अकल्पनीय घटनाले 'पोस्ट ट्रमेटिक स्ट्रेस डिसअर्डर'बाट आक्रान्त भयो भने नराम्रा सपना देखिन थाल्छ।

**नराम्रो सपनाबाट बच्ने उपाय**

मनलाई तनावमुक्त राखेर नराम्रो सपनाबाट बच्न सकिन्छ। यदि दिनभर तनावमुक्त रहियो भने खराब सपनाबाट बच्न सकिन्छ। आफूलाई तनावमुक्त बनाउन आफूलाई मनपर्ने किताब पढ्ने गीत सुन्ने गर्न सकिन्छ। कुनै दर्दनाक घटना वा दुर्घटनाको कारण नराम्रो सपना आउने भएकाले त्यस्ता घटनालाई बिस्तारै बिर्सेर यस्ता सपनाबाट बच्न सकिन्छ। स्वस्थ निद्रा र सुखद् दिनचर्या अपनाउन आवश्यक छ। त्यसको पहिलो चरण भनेको सुत्ने र उठ्ने समय तय गर्नु हो। सुत्ने कोठा अँध्यारो चिसो छ भने त्यसलाई परिवर्तन गरेर पनि नराम्रो सपनाबाट बच्न सकिन्छ।

नराम्रो सपनाले तनाव सिर्जना गर्ने वा दुःखी बनाउँदा अन्य काममा समेत असर पुऱ्याउन सक्छ। त्यसैले लामो समयसम्म नराम्रो सपना देखिन्छ भने यस्तो अवस्थामा मनोचिकित्सकको परामर्श लिनुपर्छ।

# खराब कर्जा नियन्त्रण गर्न बैंकहरुलाई सकस, अर्थतन्त्र नसुधारेसम्म असुल गर्न नसकिने विज्ञको चिन्ता

काठमाडौं, ७ माघ। वाणिज्य बैंकहरुको खराब कर्जा ह्वात्तै बढेको छ। गत वर्ष (२०७९/८०) को ६ महिना भन्दा चालू वर्ष ( २०८०/८१) को ६ महिनामा बैंकहरुको खराब कर्जा औसतमा १ प्रतिशतले बढेको छ। तर बैंक नै पिच्छे हेर्ने हो भने १६ वटा बैंकको खराब कर्जा ह्वात्तै बढेको छ। कुमारी बैंकको सबैभन्दा बढी खराब कर्जा देखिएको छ। एनसीसी बैंकलाई गाभेको कुमारीको खराब कर्जा करिब ५ प्रतिशत नजिक छ। खराब कर्जा बैंकको वित्तीय स्वास्थ्य मापन गर्ने एउटा आधार पनि हो। धेरैजसो मर्जर र एक्विजिसनमा गएका बैंकहरुको खराब कर्जा बढेको देखिन्छ।

२० वटा वाणिज्य बैंकको औसत खराब कर्जा ३.२३ प्रतिशतलाई आधार मान्दा वाणिज्य बैंकहरुको खराब कर्जा १ खर्ब ४४ अर्ब ८३ करोड रुपैयाँ पुगेको देखिन्छ। अहिले वाणिज्य बैंकहरुको ४४ खर्ब ८४ अर्ब रुपैयाँ कर्जा लगानीमा रहेको केन्द्रीय बैंकले जनाएको छ। आर्थिक मन्दीका कारण कर्जा असुलीमा समस्या भोगेका बैंकहरुलाई खराब कर्जा नियन्त्रणमा लिन हम्मे हम्मे परेको उनीहरुले प्रकाशित गरेको पुस मसान्त सम्मको अपरिष्कृत वित्तीय विवरणले देखाएको छ।

कर्जा उठाउन धितो लिलामीको सूचना प्रकाशित गर्दै आएका बैंकहरुले अन्ततः अपेक्षित रुपमा कर्जा असुली गर्न सकेनन्। लिलामीमा निकालेको धितो समेत बिक्री नहुँदा बैंकहरुले एउटै धितोका लागि पटक पटक लिलामीको सूचना निकाल्नु परेको थियो। धितो लिलामी नहुँदा बैंकहरुको गैरबैंकिङ्क सम्पत्ति पनि बढ्दै गएको छ। बैकिङ विज्ञ भुवन दाहाल नेपाल राष्ट्र बैंकले पुर्नतालिकीकरण गरेको कर्जा समेतलाई आधार मान्ने हो भने प्रत्येक बैंकको ५ प्रतिशतसम्म खराब कर्जा रहेको बताउँछन्। अर्थतन्त्र सुधार नभएरसम्म खराब कर्जामा सुधार नआउने उनको भनाइ छ। अर्थमन्त्री, बैंकर्स, उद्योगी व्यवसायी एक हप्तासम्म वार्ता गरेर कसरी अघि बढ्ने भन्ने खाका बनाउनु जरुरी रहेको दाहालले बताए।

यता, अर्का विज्ञ अनलराज भट्टराई अब वित्तीय क्षेत्रमा पनि सुधार गर्नुपर्ने जरुरी देखिएको बताउँछन्। कोरोना कालमा ह्वात्तै गएको कर्जा प्रवाहको असर अहिले देखिएको बताउँदै भट्टराईले अर्थतन्त्र सुधार गर्नेपर्ने जरुरी देखिएको बताए। अर्थतन्त्र सुधार भएपछि खराब कर्जामा पनि सुधार आउँदै जाने उनको बुझाइ छ। नेपाली बैंकहरूले ३ महिनादेखि भाका नाघेको कर्जालाई निष्क्रिय कर्जा अर्थात खराब कर्जाको रुपमा देखाउनु पर्छ। यो व्यवस्थाअनुसार ३ महिनादेखि ६ महिनासम्मको भाका नाघेको कर्जालाई कमसल कर्जा, ६ महिनादेखि बढीमा एक वर्षसम्म भाका नाघेको कर्जालाई शंकास्पद र १ वर्ष बढीको भाका नाघेको कर्जालाई खराब कर्जा भनेर वर्गीकरण गरिएको छ।

५ प्रतिशत वा सो भन्दामाथि खराब कर्जा भएका वित्तीय संस्थाले लाभांश वितरण गर्न नपाउनेसम्मका व्यवस्था केन्द्रीय बैंकले गरेको छ। अहिले कुमारी बैंक लगायत केही बैंकको हकमा लाभांश वितरण गर्न नपाउने सम्मको सम्भावना देखिएको छ।

***मधेसमा ...***

उनले आफूहरुले विश्वविद्यालयको भवन शिलान्याश गर्न नरोकेको भन्दै कानूनबमोजिम हुनुपर्ने माग गरेको बताएका छन्। यसबारे राउतसँग सम्पर्क गर्दा उनले सामाजिक सञ्जालमा सार्वजनिक धारणा नै आफ्नो आधिकारिक भनाइ रहेको बताए। केही दिनअघि प्रदेश सरकारको एक वर्षको प्रगति समीक्षा कार्यक्रममा समेत जसपा र जनमतबीच मतभेद भएको थियो। सार्वजनिक कार्यक्रममै जनमतका मन्त्रीको इशारामा कार्यकर्ताहरुले प्रदेश सरकार मुर्दावाद भन्दै नारा लगाएपछि मुख्यमन्त्री यादव जनमतप्रति चिढिएका थिए।

***१ सय ९० ...***

लामो समयदेखि निमित्तकै भरमा सञ्चालनमा रहेको बताए। कार्यकारी निर्देशक प्याकुरेलले पालिकामा प्रमुख प्रशासकीय अधिकृत केन्द्र वा प्रदेश सरकारबाट पठाउने भन्नेमा विवाद रहेको उल्लेख गर्नुभयो।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता कमल भट्टराईले प्रमुख प्रशासकीय अधिकृत नभएका पालिकामा निमित्तबाट काम भइरहेको बताउनुभयो। कतिपय पालिकामा संघीय सरकारले पठाएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गर्न नदिने र आफूले रोजेको अधिकृत पाउनुपर्ने माग गर्दा पनि समस्या भएको उनको भनाइ छ।

# मधेश प्रदेश राजधानीमै छैन खानेपानी

जनकपुरधाम, ७ माघ। मधेश प्रदेशका नौ लाख ३१ हजार तीन सय ३१ घरधुरीमध्ये झण्डै ७७ प्रतिशतको पिउने पानीको मुख्य स्रोत ट्युबवेल अर्थात् चापाकल रहेको तथ्य सार्वजनिक भइसकेको छ। तर, भूमिगत पानीको सतह घट्दै गएकाले पछिल्लो समय चापाकलमा पानी सुक्दै गएको गुनासो यहाँका बासिन्दा गर्छन्। नागरिकले पिउने पानीकै लागि समस्या भोग्नुपर्ने अवस्था आए पनि चापाकलको अर्को भरपर्दो विकल्प पनि तयार भएको देखिँदैन। त्यसको उदाहरण हो, प्रदेश राजधानी जनकपुरधाम। प्राप्त विवरणअनुसार यहाँ करिब १२ प्रतिशत घरमा मात्रै खानेपानीको पाइप प्रणालीको पहुँच छ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार जनकपुरधाममा ४० हजार चार सय नौ घरपरिवार छन्। तर, खानेपानी वितरणको मुख्य काम गर्दै आएको खानेपानी संस्थानले हालसम्म चार हजार छ सय ८५ घरमा मात्रै धारा जडान गरेको छ। जडान भएका धारामध्ये पनि करिब ४४ प्रतिशतभन्दा बढी घरमा आंशिक रूपमा मात्रै पानी वितरण हुने गरेको संस्थानकै तथ्याङ्क छ। कार्यालय प्रमुख विष्णुदेव साहले संस्थानले उपमहानगरमा २५ वटा वडामध्ये १४ वडाका चार हजार छ सय ८५ घरमा मात्रै धारा जडान भएका र त्यसको ५६ प्रतिशत जतिमा मात्रै पूर्ण रूपमा पानी वितरणको काम भइरहेको बताए।

समग्रमा जनकपुर नगरक्षेत्रमा दुई करोड ५० लाख लिटर (२५ एमएलडी) पानीको माग रहेकामा धारा जडान भएका आधारमा हाल दैनिक ३० लाख लिटरमात्रै आपूर्ति गर्न सकिएको कार्यालय प्रमुख साहले जानकारी गराए। अहिले वडा नं १० को अरगजा पोखरीको उत्तरमा र रामानन्द चोकस्थित कार्यालय परिसरमा चार लाख ५० हजार क्षमताका दुई वटा ओभरहेड ट्यांकीमा छ वटा डिप बोरिङबाट सङ्कलित भूमिगत पानीलाई प्रशोधन गरेर वितरणको काम भइरहेको छ। 'सीमित बजेट र करिब ३४ वर्ष पुरानो वितरण प्रणालीका कारण धेरै ठाउँमा चाहेर पनि पानी पुर्याउन सकिएको छैन। तर, चालु आर्थिक वर्षमा पानी ट्याङ्की थप्ने, पानी वितरण सञ्जाल विस्तार अर्थात् पाइप विच्छ्याउने, अवरुद्ध भएका ठाउँमा पानी आपूर्तिका लागि मर्मतसम्भार गर्ने काम भइरहेकाले आगामी दिनमा केही सुधार हुने अपेक्षा छ,' कार्यालय प्रमुख साहले भने।

संस्थानको महसुल शाखा प्रमुख दधिवल यादवले पानीको माग बढ्दै गए पनि पुरानो संरचना र संस्थानसँग समन्वय नै नगरी गरिने विकास निर्माणका बेला त्यही संरचना पनि बिगार्ने तथा भत्काउने समस्याले जडान भएका नौ सयभन्दा बढी धारामा पानी अवरुद्ध भएको बताए। विगतमा ढल निकास, सडक विस्तार तथा अन्य विकास निर्माणका कारण धेरै क्षेत्रमा पाइप लाइन चुँडिएर घरधुरीमा पानी वितरणमा समस्या भए पनि त्यसको समाधानका लागि काम जारी रहेको यादवको भनाइ छ। कार्यालय प्रमुख साहले पनि स्थानीय तह र अन्य विकास निर्माण गर्ने दायित्व भएका कार्यालयले संस्थानसँग समन्वय गर्नुपर्नेमा उल्टै वर्षौं पुरानो पानी वितरण सञ्जालमा छेडखानी गर्दा समस्या हुने गरेको बताए।

उनले भने, 'एकातिर भूमिगत पानीको तह घटेर अहिले पाँच सय फिटभन्दा बढी जमिनमुनिबाट मात्रै ट्युबवेल (चापाकल) मा पानी आइरहेको छ। जसले पानीको माग बढ्दैछ। अर्कोतिर भएकै पुराना संरचनामा चुहावटको समस्या छ। स्थानीय, प्रदेश र बाँकी सबै सरोकारवाला निकाय मिलेर काम गरेमा धेरै समस्या समाधान गर्न सकिन्छ।' ३४ वर्ष पुरानो पानी वितरण प्रणालीको पहुँच पनि नगरका सबै वडामा पुगेको छैन। २५ वडामध्ये आधाजति वडामा मात्रै वितरण प्रणालीको पहुँच छ भने त्यसमा पनि करिब ५० प्रतिशतमा मात्रै नियमित पानी जाने गरेको छ।

बाह्र वर्षभन्दा बढी समयदेखि जनकपुरधाम वडा नं ४ कटैयाचौरीमा एक करोडभन्दा बढी लगानीमा निर्माण गरिएको डिप ट्युबवेल स्थानीयवासीको अवरोधका कारण सञ्चालनमा आउन सकेको छैन। चालु आर्थिक वर्षमा भने कार्यालय परिसरमै रु एक करोड ३० लाखको लागतमा थप पाँच लाख लिटर क्षमताको ट्याङ्की, चार करोडभन्दा बढीको लागतमा मुजेलिया प्रहरी चौकीदेखि वडा नं ८ स्थित होटल सीताशरणसम्म छ लेन सडक छेउमा सात किमी लामो दुवैतर्फ आठ/आठ इञ्चको पाइप विछ्याउने काम भइरहेको छ।

यस कार्यले पाँच लाख लिटर पानी भण्डारण हुने र चालु आर्थिक वर्षमा थप एक हजार धारा जडान गर्न सघाउ पुग्ने संस्थानको विश्वास छ। 'थोरै स्रोतसाधनका बाबजुद संस्थानले भ्याएसम्मको काम गरिरहेको छ। प्रदेश राजधानी भएकाले संस्थानको पहलले मात्रै यहाँको अभाव पूर्ति हुने अवस्था छैन। जनकपुरमा संघीय खानेपानी मन्त्रालयले सरोकारवाला कार्यालयसँग मिलेर खानेपानीको आवश्यकता, समस्या र सञ्जाल निर्माणको आवश्यकताबारे विस्तृत अध्ययन गरिरहेको छ। त्यस आधारमा आगामी दिनमा जनकपुर क्षेत्रको खानेपानी समस्या समाधानका लागि एकीकृत रूपमा दिगो व्यवस्थापनको काम हुनेछ भन्ने अपेक्षा गर्न सकिन्छ,' साहले आशा व्यक्त गरे।

प्रादेशिक राजधानी जनकपुरमै पानीको भरपर्दो वैकल्पिक स्रोत छैन। अन्य सहर र गाउँको अवस्था पनि योभन्दा दयनीय छ। आर्थिक सर्वेक्षण २०७९/८० अनुसार प्रदेशका १२ दशमलव १५ प्रतिशत घरधुरी त खानेपानी प्रणालीमै समेटिएका छैनन् भने १० दशमलव ४६ घरधुरीमा मात्रै पाइप प्रणालीबाट पानीको पहुँच पुगेको छ। त्यसबाहेक ७६ दशमलव ९१ प्रतिशत घरधुरीमा ट्युबवेल, शून्य दशमलव ४७ प्रतिशतमा अन्य सुरक्षित स्रोत र शून्य दशमलव शून्य एक प्रतिशतमा वर्षात पानीमा निर्भर हुनुपरेको पनि सोही सर्वेक्षणको तथ्याङ्कले देखाएको छ।

यहाँ खानेपानी संस्थानले मुख्य सहरमा मात्रै पानी आपूर्तिको काम गरिरहेको छ। त्यो समेत गरी प्रदेशभर एक सय १३ खानेपानी योजना सञ्चालनमा छन्। जबकि सात प्रदेशमध्ये कर्णाली प्रदेशमा समेत नौ सय ९३ योजना सञ्चालनमा रहेको मधेश प्रदेशको सोही आर्थिक सर्वेक्षणमा उल्लेख छ। मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले सार्वजनिक गरेको सरकार गठनको एकवर्षे उपलब्धिमा ४१ वटा खानेपानी आयोजना सम्पन्न गरी यसबाट लगभग २० हजार घरधुरी लाभान्वित भएका, ७७ वटा खानेपानी आयोजनाका लागि डिप बोरिङ र एक सय ५९ किमी पाइप लाइन विच्छ्याउने कार्य सम्पन्न भएका उल्लेख गरिएको छ।

# सरकारभन्दा तस्कर चलाख हुँदा सुन तस्करी बढ्यो : भन्सार विभाग

काठमाडौं, ७ माघ। भन्सार विभागले सरकारभन्दा तस्कर चलाख हुँदा सुन तस्करी नियन्त्रण गर्न नसकेको बताएको छ। आइतबार विभागमा भएको छलफलमा महानिर्देशक शोभाकान्त पौडेलले सरकारले तस्करी नियन्त्रण गर्न विभिन्न उपाय र प्रविधिको प्रयोग गरे पनि तस्कर झन् धेरै चलाख हुँदा चोरीपैठारी नियन्त्रणमा समस्या आएको बताएको हो।

सुन तस्करी प्रकरणपछि विभागले चलाखीपूर्ण तरिकाले काम गरिरहेको तर पनि तस्करी पूर्णरूपमा रोक्न नसकेको उनले स्वीकार गरे। 'हामीले प्रयोग गरेको उपाय र प्रविधिभन्दा सुन तस्करले नयाँ नयाँ प्रविधिको प्रयोग गरेको पाइयो, जुन देशमा कमजोरी छ, त्यही देशमै उनीहरू केन्द्रित हुने रहेछन्', महानिर्देशक पौडेलले भने। विमानस्थलबाट क्विन्टलका क्विन्टल सुन तस्करी हुँदा पनि भन्सारले किन थाहा नपाएको भन्ने प्रश्नमा महानिर्देशक पौडेलले सुन तस्करीमा भन्सारको मात्रै नभई विमानस्थलमा खटिने अनुसन्धानका कर्मचारी, प्रहरी प्रशासन, विमानस्थलको कर्मचारी प्रशासन लगायतको पनि कमजोरी रहेको जवाफ दिए। विश्वका विकसित देशबाट पनि सुन तस्करी भएर नेपाल आएको उदाहरण दिँदै उहाँले नेपालको भन्सार विभागलाई मात्रै खत्तम नभन्न आग्रह गरे।

महानिर्देशक पौडेलले सुन तस्करी नियन्त्रणमा खुला सीमा अर्को चुनौती रहेको बताए। भन्सार जाँचपास प्रक्रियालाई सहज बनाउन धातु एक्स-रे मेशिन खरिद आवश्यक रहेको उनले बताए। समग्र शासन प्रणाली सुधार भए भन्सार प्रणाली पनि क्रमशः सुधार हुने उनको भनाइ छ।

# सर्लाही कारागार उद्घाटन

सर्लाही, ७ माघ। उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सदरमुकाम मलंगवामा पुनर्निर्माण गरिएको सर्लाही कारागार भवनको आइतबार उद्घाटन गरेका छन्। २०७२ सालबाट सुरु भएको पुनर्निर्माण ८ वर्षपछि सकिएको हो। सर्लाही कारागार उद्राटन मन्त्री श्रेष्ठले यस कारागारमा जिल्लाकै कैदीबन्दीलाई ल्याएर राखिने बताए। उनले नजिक कैदीबन्दी हुँदा परिवारका सदस्य भेट्न सजिलो हुने पनि बताए।



जीर्ण बनेको कारागार पुनर्निर्माणका लागि सहरी विकास मन्त्रालयले २०७३ मंसिर ६ गते कार्यादेश दिइएको थियो। ४ करोड ४५ लाख २७ हजार ६८७ रुपैयाँ ६५ पैसाको लागतमा २ सय १० कैदी क्षमताको कारागार भवन पुनर्निर्माण गरिएको कारागार प्रशासनले जनाएको छ। १ सय ६० पुरुष र ५० महिला कैदी अटाउने कारागार भवन ८ कट्ठा १५ धुरमा फैलिएको छ।

उद्घटन समारोहमा संघीय खानेपानीमन्त्री महिन्द्र यादव, राष्ट्रिय सभा सदस्य राधेश्याम पासवान, प्रदेशसभा सदस्यहरु कौशल किशोर राय, बेची लुंगेली,जवाहर कुशवाहा, फकिरा महतो, प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमला लगायतको उपस्थिति थियो। जिल्लामा कारागार नहुँदा यहाँका कैदीबन्दीलाई गौर, जलेश्वर, झुम्का लगायतका कारागारमा लगिँदै आएको थियो।


## बरियारपट्टी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**बरियारपट्टी, सिरहा**

**मधेश प्रदेश, नेपाल**

### जग्गा प्राप्ती सम्बन्धी सूचना

**मिति : २०८०/१०/०७**

यस गाउँपालिकाको कार्यालय भवन तथा अन्य सार्वजनिक भवन निर्माण अन्य विभिन्न भौतिक संरचना निर्माण गर्ने प्रयोजनका लागि यस गाउँपालिकालाई जग्गा दान गर्न इच्छुक जग्गादाताहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र देहायका शर्तहरु अधिनमा रही निवेदन दिनु हुन अनुरोध छ।

१. गाउँपालिकाको कार्यालय भवन तथा अन्य सार्वजनिक भवन निर्माण अन्य विभिन्न भौतिक संरचना निर्माण गर्न दान गरिने जग्गा यथाशक्य वडा नं. ३ को हुलाकी सडकको छेउको जग्गा हुनुपर्नेछ। सो नभए यस गाउँपालिकाको केन्द्र बरियारपट्टीबाट करिब १ कि.मि. दुरीमा हुनु पर्नेछ।
२. दान गर्न चाहेको जग्गा सार्वजनिक बाटोसँग जोडिएको हुनुपर्छ।
३. दान गर्न चाहेको जग्गाको क्षेत्रफल कम्तिमा २ बिघा हुनु पर्नेछ। यो क्षेत्रफल एउटै कित्ता वा जोडिएको दुई वा सो भन्दा बढी कित्ताको कुल क्षेत्रफल पुगेको हुनुपर्नेछ।
४. जग्गादाता एक वा एक भन्दा बढी ब्यक्ति, संघ, संस्था निकाय हुन सक्नेछ।
५. दान गर्न चाहको जग्गा धितोमा राखिएको, रोका वा दृष्टिबन्धक गरिएको, मुद्दामा मिला भएको, स्वामित्वको विवाद भएको हुनुहुदैन।
६. जग्गादाताले आफ्नो नागरिकता प्रमाणपत्र, जग्गाधनी प्रमाण लालपूर्जा, जग्गाको ब्लु प्रिन्ट/ट्रेस नक्साको फोटोकपी, अंशियार प्रमाणित, अंशियारको मन्जुरीनामा, नाता प्रमाणित निवेदन साथ संलग्न गर्नुपर्नेछ।
७. जग्गादाताले कार्यालयबाट निर्धारण गरिएको निवेदनको ढाँचा र फारम भरी तोकिएको समय भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ।

**-प्रमुख प्रशासकीय अधिकृत**


# विद्यालय तहको पाठ्यक्रमलाई लैङ्गिकमैत्री बनाउनुः महिला आयोग

काठमाडौं, ७ माघ। राष्ट्रिय महिला आयोगले विद्यालय तहको शैक्षिक पाठ्यक्रमलाई लैङ्गिकमैत्री बनाउन सरकारलाई सुझाव दिएको छ। आयोगकी अध्यक्ष कमला पराजुलीले मुलुकमा विद्यमान हिंसा, विभेद र असमानता लगायतका विकृतिहरुको अन्त्यका लागि पनि विद्यालय तहको पाठ्यक्रम लैङ्गिकमैत्री हुनुपर्ने आवश्यकता औंल्याउनु भएको हो।

आइतवार संघीय संसद प्रतिनिधि सभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा बोल्दै अध्यक्ष पराजुलीले विद्यालय तहको पाठ्यक्रममा यौन, प्रजनन स्वास्थ्य र लैङ्गिकताका विषयहरुलाई अनिवार्य विषयको रुपमा राख्न पनि सरकारको ध्यानाकर्षण गराए। अध्यक्ष पराजुलीले विद्यालय तहमा कार्यरत शिक्षिका र महिला कर्मचारीको क्षमता अभिवृद्धिका लागि पनि सरकारले विशेष खालको प्याकेज कार्यक्रमको व्यवस्था गर्न ढिलाई गर्न नहुने बताए।

पराजुलीले भने, 'अहिले हामी भन्न बाध्य छौं कि सदाचार सिकाउने खालको शिक्षा पनि हुनुपर्‍यो। र, लैंगिक सामाजिक समावेशीतालाई आत्मासात गर्ने त्यो किशोर अवस्थाबाट नै त्यसलाई आत्मासात गरेर आउनुपर्‍यो। संविधानमा जसरी बहुजाती, बहुभाषा, समुदाय आदिको व्यवस्था गरिएको छ। यी कुराहरुलाई आत्मासात गर्नका लागि त्यो हाम्रो पाठ्यक्रममा समावेश गर्ने कुरा हो। र शिक्षिका तथा महिला कर्मचारीहरुको क्षमता विकासका लागि विशेष खालको प्याकेज कार्यक्रमहरु हुनुपर्छ।' अध्यक्ष पराजुलीले विद्यालय तहका छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड वितरण गर्ने कामलाई प्रभावकारी बनाउन पनि सरकारलाई सचेत गराउनु भयो।

# सम्पत्ति शुद्धीकरण मुद्दामा तामाङ दोषी ठहर

काठमाडौं, ७ माघ। पूर्वसांसद एवम् सिभिल बचत तथा ऋण सहकारीका सञ्चालक इच्छाराज तामाङ सम्पत्ति शुद्धीकरण मुद्दामा दोषी ठहर भएका छन्। आइतबार विशेष अदालतका अध्यक्ष न्यायाधीश टेकनारायण कुँवर, सदस्यहरू तेजनारायण सिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले तामाङलाई दोषी ठहर गरेको हो। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले तामाङविरुद्ध ३ अर्ब ३१ करोड रुपैयाँ बिगोसहित उनको जग्गा र सम्पत्ति जफत हुनुपर्ने मागदाबी गरेको थियो। यो मुद्दाको कसुर निर्धारणका लागि अदालतले माघ २१ गते अर्को पेसी तोकेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)